# बराहक्षेत्र नगरपालिकाको योजना सञ्चालन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७८

बराहक्षेत्र नगरपालिकाको योजना सञ्चालन सम्बन्धी कार्यविधि, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

बराहक्षेत्र नगरपालिकाको मिति २०७८।०३।१० मा बसेको नगर सभाले यो कार्यविधि संशोधन गरी जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "बराहक्षेत्र नगरपालिकाको योजना सञ्चालन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. बराहक्षेत्र नगरपालिकाको बराहक्षेत्र नगरपालिकाको योजना सञ्चालन सम्बन्धी कार्यविधि, २०७६ को परिच्छेद-३ को दफा ९ मा संशोधन** : बराहक्षेत्र नगरपालिकाको बराहक्षेत्र नगरपालिकाको योजना सञ्चालन सम्बन्धी कार्यविधि, २०७६ को दफा ९ को,

(क) उपदफा ५ (क) "उपभोक्ता समितिबाट संचालन हुने योजनामा तीन लाखसम्मका योजनामा ३% कन्टिजेन्सी वापतको रकम कट्टा गरिनेछ ।" भन्ने शब्दहरु थपिएका छन् ।

(ख) उपदफा ५ (ख) "उपभोक्ता समितिबाट संचालन हुने योजनामा तीन लाख भन्दा बढीको योजनामा कन्टिजेन्सी वापत ३% र मर्मत सम्भारबाट २% रकम कट्टा गरिनेछ ।" भन्ने शब्दहरु थपिएका छन् ।

(ग) उपदफा ५ को (ग) खारेज गरिएको छ ।

**३. बराहक्षेत्र नगरपालिकाको बराहक्षेत्र नगरपालिकाको योजना सञ्चालन सम्बन्धी कार्यविधि, २०७६ को परिच्छेद-३ को दफा ११ मा संशोधन** : बराहक्षेत्र नगरपालिकाको बराहक्षेत्र नगरपालिकाको योजना सञ्चालन सम्बन्धी कार्यविधि, २०७६ को दफा ११ को,

(क) उपदफा (३) मा "पूर्वाधार विकास शाखाले" को सट्टामा "योजना उप शाखाले" भन्ने शब्द राखिएको छ ।

(ख) उपदफा (८) मा "बराहक्षेत्र नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७६" को सट्टामा "बराहक्षेत्र नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७५" शब्दहरु थपिएका छन् ।

**४. बराहक्षेत्र नगरपालिकाको बराहक्षेत्र नगरपालिकाको योजना सञ्चालन सम्बन्धी कार्यविधि, २०७६ को परिच्छेद-४ को दफा १२ मा संशोधन** : बराहक्षेत्र नगरपालिकाको बराहक्षेत्र नगरपालिकाको योजना सञ्चालन सम्बन्धी कार्यविधि, २०७६ को दफा १२ को,

(क) उपदफा (१) मा "प्रमुख प्रशासकीय अधिकृत वा तोकिएको अधिकृत" को सट्टामा "प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकिएको इन्जिनियर" भन्ने शब्दहरु थपिएका छन् ।

**५. बराहक्षेत्र नगरपालिकाको बराहक्षेत्र नगरपालिकाको योजना सञ्चालन सम्बन्धी कार्यविधि, २०७६ को परिच्छेद-४ को दफा १३ मा संशोधन** : बराहक्षेत्र नगरपालिकाको बराहक्षेत्र नगरपालिकाको योजना सञ्चालन सम्बन्धी कार्यविधि, २०७६ को दफा १३ को,

(क) उपदफा २ (घ) खारेज गरिएको छ ।

**६. बराहक्षेत्र नगरपालिकाको बराहक्षेत्र नगरपालिकाको योजना सञ्चालन सम्बन्धी कार्यविधि, २०७६ को दफा १४ मा संशोधन** : बराहक्षेत्र नगरपालिकाको बराहक्षेत्र नगरपालिकाको योजना सञ्चालन सम्बन्धी कार्यविधि, २०७६ को दफा १४ को,

(क) उपदफा (५) "उपभोक्ता समिति मार्फत निर्माण गरिने योजनाहरुको हकमा नगरपालिकाबाट प्राप्त अनुदानलाई शतप्रतिशत मानी उपभोक्ता समितिले देहाय वमोजिमका योजनामा देहाय बमोजिमको लागत सहभागिता अनिवार्य रुपमा नगरपालिकाको विविध खर्च खातामा जम्मा गरी कार्य सञ्चालन गरिनु पर्नेछ ।" भन्ने शब्दहरु थपिएका छन् ।

(ख) उपदफा (६) मा “उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि अति बिपन्न लक्षित वर्ग तथा पिछडिएको समुदाय बसोवास गर्ने वस्तिमा सञ्चालन हुने योजनाको हकमा उपभोक्ताको लागत सहभागिता नजुट्ने भएमा त्यस्तो योजनाको हकमा न्युनतम बिस प्रतिशत रकम बराबरको जनश्रमदान उठाई काम गर्न सकिनेछ।” भन्ने शब्दहरु थपिएका छन्।

**प्रमाणिकरण गर्नेको :**

दस्तखत :

नाम थर : राजेश प्रसाद पोखरेल

दर्जा : प्रमुख प्रशासकीय अधिकृत

पृष्ठ संख्या : ३

मिति :

कार्यालयको छाप :

नगर कार्यपालिकाको कार्यालय
चक्रघट्टा, सुनसरी
कोशी प्रदेश, नेपाल